नेपाल सरकार
नेपाल कानून आयोग



# उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक

प्रस्तावना : उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन (आधार र मापदण्ड निर्धारण) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आङ्गिक क्याम्पस" भन्नाले विश्वविद्यालयको आफ्नै स्रोत साधन, जनशक्ति र लगानीमा स्थापना भई सञ्चालनमा रहेको क्याम्पस सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले दफा ४७ बमोजिमको "विश्वविद्यालय अनुदान आयोग" सम्झनु पर्छ।

(ग) "उच्च शिक्षण संस्था" भन्नाले केन्द्रीय विश्वविद्यालय, प्रदेश विश्वविद्यालय वा मानित विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले उच्च शिक्षा प्रदान गर्ने सबै प्रकारका शिक्षण संस्थालाई समेत जनाउँछ।

(घ) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सोभन्दा माथिको शिक्षा सम्झनु पर्छ।

(ङ) "केन्द्रीय विश्वविद्यालय" भन्नाले नेपाल सरकारले सञ्चालन गरेका वा सञ्चालन गर्न अनुमति दिएका विश्वविद्यालय सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "निजी क्याम्पस" भन्नाले उच्च शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गरी निजी क्षेत्रबाट प्रचलित कानून बमोजिम स्थापना तथा सञ्चालन भएका क्याम्पस सम्झनु पर्छ।

(ज) "परिषद्" भन्नाले दफा ४४ बमोजिमको "उच्च शिक्षा परिषद्" सम्झनु पर्छ।

(झ) "प्रदेश विश्वविद्यालय" भन्नाले प्रदेश सरकारले सञ्चालन गरेका वा सञ्चालन गर्न अनुमति दिएका विश्वविद्यालय सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ट) "विधान" भन्नाले उच्च शिक्षण संस्था स्थापना तथा सञ्चालनको लागि सम्बन्धित उच्च शिक्षण संस्थाको संरक्षक परिषद् वा प्रदेश कानून बमोजिमको निकायबाट स्वीकृत भएको विधान (चार्टर) सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले दफा ३३ बमोजिमको "उच्च शिक्षा गुणस्तर प्रत्यायन समिति" सम्झनु पर्छ।

(ड) "सामुदायिक क्याम्पस" भन्नाले उच्च शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गरी स्थानीय समुदायबाट साझेदारी वा सार्वजनिक गुठीद्वारा सञ्चालन हुने गैरनाफामूलक क्याम्पस सम्झनु पर्छ।

## परिच्छेद-२

## उच्च शिक्षण संस्थाको स्थापना तथा सञ्चालन

३. उच्च शिक्षण संस्थाको स्थापना तथा सञ्चालन : (१) यो ऐन प्रारम्भ भएपछि उच्च शिक्षण संस्था स्थापना तथा सञ्चालन गर्न अनुसूचीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत स्थापना भएका उच्च शिक्षण संस्थाले यो ऐन प्रारम्भ भएको मितिले दश वर्षभित्र उपदफा (१) बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले उपदफा (१) बमोजिमको मापदण्ड पूरा गरी उच्च शिक्षण संस्था स्थापना गर्न सक्नेछ।

(४) उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. विधान सम्बन्धी व्यवस्था : (१) उच्च शिक्षण संस्थाको आफ्नो विधान हुनेछ र त्यस्तो विधानको ढाँचा आयोगले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको विधानमा अन्य कुराको अतिरिक्त देहायका विषयहरू समावेश गर्नु पर्नेछ :-

(क) उच्च शिक्षण संस्थाको सङ्गठन संरचना तथा पदाधिकारी सम्बन्धी व्यवस्था,

(ख) कार्यकारी परिषद् र प्राज्ञिक परिषद् सम्बन्धी व्यवस्था,

(ग) कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था,

(घ) शैक्षिक कार्यक्रम र वार्षिक शैक्षिक क्यालेन्डर सम्बन्धी व्यवस्था,

(ङ) परीक्षा र सोको व्यवस्थापन सम्बन्धी व्यवस्था,

(च) शिक्षक तथा कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था।

(३) विधान बनाउँदा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी बनाउनु पर्नेछ।

५. <u>उच्च शिक्षण संस्था स्वशासित सङ्गठित संस्था हुने</u> : (१) उच्च शिक्षण संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) उच्च शिक्षण संस्थाले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

६. <u>उच्च शिक्षण संस्थाको कार्यालय</u> : उच्च शिक्षण संस्थाको कार्यालय विधानमा उल्लेख भएको स्थानमा रहनेछ।

७. <u>विश्वविद्यालयको वर्गीकरण</u> : (१) विश्वविद्यालयको वर्गीकरण देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रीय विश्वविद्यालय,

(ख) प्रदेश विश्वविद्यालय।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका उच्च शिक्षण संस्थाको उपदफा (१) बमोजिम नेपाल सरकारले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र वर्गीकरण गर्नेछ।

८. <u>क्याम्पसको वर्गीकरण</u> : (१) क्याम्पसको वर्गीकरण देहाय बमोजिम हुनेछ :-

(क) आङ्गिक क्याम्पस,

(ख) सामुदायिक क्याम्पस,

(ग) निजी क्याम्पस।

(२) क्याम्पसको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. <u>आङ्गिक क्याम्पस सम्बन्धी व्यवस्था</u> : (१) केन्द्रीय विश्वविद्यालयले आवश्यकता अनुसार नेपालभित्र आङ्गिक क्याम्पस स्थापना गर्न सक्नेछ।

(२) प्रदेश विश्वविद्यालयले सम्बन्धित प्रदेशमा आङ्गिक क्याम्पस स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आङ्गिक क्याम्पस स्थापना गर्दा आयोगले तोकेको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(४) आयोगले तोकेको मापदण्ड पूरा गरेको कुनै उच्च शिक्षण संस्थाको आङ्गिक क्याम्पसलाई सम्बन्धित प्रदेश सरकारले नेपाल सरकारबाट स्वीकृति लिई प्रदेश विश्वविद्यालयको रूपमा सञ्चालन गर्न सक्नेछ।

(५) उपदफा (४) को प्रयोजनको लागि प्रदेश सरकारले स्वीकृति माग गरेमा नेपाल सरकारले त्यस्तो स्वीकृति दिनु पूर्व सम्बन्धित उच्च शिक्षण संस्थासँग सहमति माग गर्नेछ। त्यस्तो उच्च शिक्षण संस्थाले सहमति प्रदान गरेमा नेपाल सरकारले प्रदेश सरकारलाई उच्च शिक्षण संस्था सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ।

(६) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै उच्च शिक्षण संस्थाको सम्बन्धन लिई सञ्चालनमा रहेको सामुदायिक क्याम्पस सम्बन्धित उच्च शिक्षण संस्थाको विधान तथा विनियमको अधीनमा रही सञ्चालन हुनेछ।

(७) उपदफा (६) बमोजिमको क्याम्पसलाई सम्बन्धित प्रदेश सरकारले उच्च शिक्षण संस्था वा आङ्गिक क्याम्पसका रूपमा सञ्चालन गर्न सक्नेछ।

(८) उच्च शिक्षण संस्थाले आफ्नो आङ्गिक क्याम्पसलाई तोकिए बमोजिम आयोगको स्वीकृति लिई उच्च शिक्षण संस्थाको आङ्गिक क्याम्पस हुने गरी स्वामित्व हस्तान्तरण गर्न सक्नेछ।

(९) उपदफा (७) बमोजिम उच्च शिक्षण संस्था वा आङ्गिक क्याम्पस सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## उच्च शिक्षण संस्थाको सङ्गठनात्मक संरचना सम्बन्धी व्यवस्था

१०. <u>उच्च शिक्षण संस्थाको सङ्गठन</u> : (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने उच्च शिक्षण संस्थाको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ :-

(क) संरक्षक परिषद्,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) अध्ययन संस्थान वा सङ्काय वा स्कूल,

(ङ) विधानमा उल्लेख भएका अन्य निकाय।

(२) उपदफा (१) बमोजिमका संरचनाको सङ्गठनहरूको सामूहिक रूप उच्च शिक्षण संस्थाको स्वरूप हुनेछ।

११. <u>संरक्षक परिषद्</u> : (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने उच्च शिक्षण संस्थामा सर्वोच्च निकायको रूपमा संरक्षक परिषद् रहनेछ।

(२) नेपाल सरकार, मन्त्रिपरिषद्ले स्थापना गरेका उच्च शिक्षण संस्थामा देहाय बमोजिमको संरक्षक परिषद् रहनेछ :-

(क) उपकुलपति - सदस्य

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय - सदस्य

(घ) सचिव, आयोग - सदस्य

(ङ) उच्च शिक्षण संस्थाको विषय क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट कम्तीमा दुई जना महिला सहित पाँच जना - सदस्य

(च) उच्च शिक्षण संस्थालाई उल्लेख्य रूपमा सहयोग गरेका व्यक्तिहरुमध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(छ) आफ्नो पेसा व्यवसायमा उल्लेखनीय उपलब्धी हासिल गरेका वा समाजलाई विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट दुई जना - सदस्य

(ज) विश्वविद्यालयका अलमुनाईहरू मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(३) उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यको मनोनयन संरक्षक परिषद्ले गर्नेछ।

(४) यो ऐन प्रारम्भ भएपछि पहिलो पटकको लागि उपदफा (३) बमोजिमका सदस्यहरूको मनोनयन गर्ने प्रयोजनको लागि नाम सिफारिस गर्न नेपाल सरकारले देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्नेछ :-

(क) विश्वविद्यालयको संरक्षक परिषद्बाट प्रचलित कानून बमोजिम स्थापना भएका विश्वविद्यालयका पूर्व उपकुलपति वा सो सरहका

नेपाल सरकार
नेपाल कानून आयोग

पूर्व पदाधिकारीमध्येबाट एक जना संयोजक -

(ख) विश्वविद्यालयका संरक्षकको रूपमा कार्य अनुभव भएका वा शिक्षा वा व्यवसायको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट दुई जना - सदस्य

(५) उपदफा (४) बमोजिमको सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि तथा संरक्षकको मनोनयनको लागि नाम सिफारिस गर्दा अवलम्वन गर्नु पर्ने प्रक्रिया सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (४) बमोजिमको सिफारिस समितिले कार्य प्रारम्भ गरेको मितिले साठी दिनभित्र मनोनयन गरिने व्यक्तिको नाम नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(७) उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(८) उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका कुनै सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि यस दफा बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(९) उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यको कार्यावधि समाप्त हुनुभन्दा तीन महिना अगावै मनोनयनको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(१०) उपदफा (३) बमोजिम मनोनीत सदस्यहरूमध्येबाट नेपाली नागरिकलाई संरक्षक परिषद्ले अध्यक्षको छनोट गर्नेछ।

(११) उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको, इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको, उच्च शिक्षण संस्थाको हित विपरीत कुनै काम गरेको वा निज नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहर भएको अवस्थामा संरक्षक परिषद्ले त्यस्तो संरक्षकलाई पदबाट हटाउन सक्नेछ।

तर पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ।

(१२) संरक्षक परिषद्को कुनै सदस्य मनासिव कारण बेगर वा अध्यक्षलाई पूर्व जानकारी नगराई संरक्षक परिषद्को लगातार तीनवटा बैठकभन्दा बढी वा आफ्नो कार्यकालको अवधिभर छ वटा भन्दा बढी बैठकमा उपस्थित नभएमा त्यस्तो सदस्य आफ्नो पदबाट स्वतः मुक्त हुनेछ।

(१३) संरक्षक परिषद्ले तोकेको कर्मचारीले सो परिषद्को सचिवको रुपमा काम गर्नेछ।

(१४) प्रदेश सरकारले स्थापना तथा सञ्चालन गरेका उच्च शिक्षण संस्थाको हकमा प्रदेश कानूनमा व्यवस्था भएबमोजिम हुनेछ।

१२. <u>संरक्षक परिषद्को बैठक</u> : (१) संरक्षक परिषद्को बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) संरक्षक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा संरक्षक परिषद्को बैठक बस्नेछ।

(३) संरक्षक परिषद्को बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयहरुको कार्यसूची सहितको सूचना संरक्षक परिषद्को सचिवले सबै सदस्यलाई दिनु पर्नेछ।

(४) संरक्षक परिषद्मा तत्काल कायम रहेको संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) संरक्षक परिषद्को बैठकको अध्यक्षता संरक्षक परिषद्को अध्यक्षले गर्नेछ।

(६) संरक्षक परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्क्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) संरक्षक परिषद्को बैठकको निर्णय संरक्षक परिषद्को सचिवले सो परिषद्को बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई राख्नेछ।

(८) संरक्षक परिषद्को अध्यक्षको स्वीकृतिमा सो परिषद्को सदस्यले सञ्चार प्रविधिको प्रयोग मार्फत समेत बैठकमा भाग लिन सक्नेछ।

(९) संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि सो परिषद् आफैंले निर्धारण गरे बमोजम हुनेछ।

१३. <u>संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्थाको विधान स्वीकृत गर्ने,

(ख) उच्च शिक्षण संस्थाको प्राज्ञिक, शैक्षिक, व्यवस्थापकीय, व्यावसायिक तथा अन्य आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ग) उच्च शिक्षण संस्थाको उद्देश्य अनुरूप उच्च शिक्षण संस्थाको अल्पकालीन तथा दीर्घकालीन योजना तथा रणनीति स्वीकृत गर्ने,

(घ) उच्च शिक्षण संस्थाको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(ङ) उच्च शिक्षण संस्थाको लागि आवश्यक पर्ने विनियम स्वीकृत गर्ने,

(च) उच्च शिक्षण संस्थाका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने वा गराउने,

(छ) उच्च शिक्षण संस्थाबाट प्रदान गरिने उपाधि निर्धारण गर्ने र प्रदान गर्ने,

(ज) अनुसन्धानकर्ता, कर्मचारी र शिक्षकको सेवाका शर्त, तलब तथा सुविधा निर्धारण गर्ने,

(झ) उच्च शिक्षण संस्थाको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, कलेज, अनुसन्धान केन्द्र, उत्पादन केन्द्रको स्थापना र शिक्षण अस्पतालको सञ्चालन तथा नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने,

(ञ) उच्च शिक्षण संस्थाको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने,

(ट) उच्च शिक्षण संस्थाको कार्य सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने, र

(ठ) आयोग, सम्बन्धित निकाय वा अन्य उच्च शिक्षण संस्थासँग समन्वय गर्ने।

१४. <u>प्राज्ञिक परिषद्को गठन</u> : (१) प्रत्येक उच्च शिक्षण संस्थाको प्राज्ञिक निकायको रूपमा काम गर्न एउटा प्राज्ञिक परिषद् हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्राज्ञिक परिषद्को गठन सम्बन्धित उच्च शिक्षण संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ।

१५. <u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u> : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्थामा अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयको पाठ्यक्रम निर्धारण तथा स्वीकृत गर्ने,

(ख) उच्च शिक्षण संस्थाको प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने,

(ग) विद्यार्थी भर्नाको योग्यता तथा आधार, विधा परिवर्तन विधि, सिकाई मूल्याङ्कन विधि र परीक्षाको किसिम निर्धारण गर्ने,

(घ) उच्च शिक्षण संस्थाको शैक्षिक गुणस्तर कायम राख्न आवश्यक कार्य गर्ने,

(ङ) उच्च शिक्षण संस्थाद्वारा प्रदान गरिने विभिन्न उपाधिको लागि संरक्षक परिषद्मा सिफारिस गर्ने,

(च) प्राज्ञिक तथा अनुसन्धानका विषयमा कार्यकारी परिषद्लाई राय वा सल्लाह दिने,

(छ) संरक्षक परिषद्ले तोकिदिएका अन्य कार्यहरू गर्ने,

(ज) विधानमा उल्लेख भए बमोजिमका कार्य गर्ने।

१६. <u>कार्यकारी परिषद्को गठन</u> : (१) प्रत्येक उच्च शिक्षण संस्थाको कार्यकारी निकायको रूपमा काम गर्न एउटा कार्यकारी परिषद् हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी परिषद्को गठन सम्बन्धित उच्च शिक्षण संस्थाको विधान बमोजिम हुनेछ।

१७. <u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार</u> : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संरक्षक परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने,

(ख) उच्च शिक्षण संस्थाको वार्षिक बजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि संरक्षक परिषद्मा पेस गर्ने,

(ग) उच्च शिक्षण संस्थाको कोष तथा चल, अचल सम्पत्तिको सञ्चालन, रेखदेख तथा संरक्षण गर्ने र आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने,

(घ) उच्च शिक्षण संस्थाको शैक्षिक तथा प्राज्ञिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, कलेज, अनुसन्धान केन्द्र, उत्पादन केन्द्रको स्थापना र नयाँ कार्यक्रम सञ्चालन गर्न संरक्षक परिषद्मा प्रस्ताव पेस गर्ने,

(ङ) उच्च शिक्षण संस्थाको लागि आवश्यक शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवा गर्ने,

(च) विद्यार्थी शुल्क निर्धारण गर्ने,

(छ) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्य दल गठन गर्ने,

नेपाल सरकार नेपाल कानून आयोग २०६२

(ज) उच्च शिक्षण संस्थाले प्रदान गर्ने शैक्षिक तथा प्राविधिक सेवाको गुणस्तर सुनिश्चित गर्ने वा गराउने,

(झ) उच्च शिक्षण संस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह, सहकारी तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ञ) विधानमा उल्लेख भए बमोजिमका कार्य गर्ने,

(ट) विधानमा उल्लेख भए बमोजिमका अन्य कार्य गर्ने।

परिच्छेद-४

## उच्च शिक्षण संस्थाका पदाधिकारी र पद सम्बन्धी व्यवस्था

१८. उच्च शिक्षण संस्थाका पदाधिकारी र पद : (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने उच्च शिक्षण संस्थामा देहायका पदाधिकारी रहनेछन् :-

(क) अध्यक्ष,

(ख) उपकुलपति,

(ग) शिक्षाध्यक्ष,

(घ) रजिष्ट्रार,

(ङ) डीन,

(च) विधानमा व्यवस्था भए बमोजिमका अन्य पदाधिकारी।

(२) उच्च शिक्षण संस्थामा देहाय बमोजिमका प्राज्ञिक पद रहनेछन् :-

(१) प्राध्यापक,

(२) सहप्राध्यापक,

(३) उपप्राध्यापक।

(३) उपदफा (२) मा उल्लिखित प्राज्ञिक पदका अतिरिक्त विधानमा तोके बमोजिमका प्रशासनिक पद रहनेछन्।

(४) उपदफा (२) र (३) बमोजिमको पदमा नियुक्त हुन आवश्यक न्यूनतम योग्यता र अनुभव सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (२) र (३) बमोजिमको पदमा नियुक्त हुने व्यक्तिको काम, कर्तव्य, अधिकार, सेवा, सुविधा र पारिश्रमिक उच्च शिक्षण संस्थाको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

नेपाल कानून आयोग

१९. <u>अध्यक्ष</u> : (१) अध्यक्ष उच्च शिक्षण संस्थाको प्रमुख पदाधिकारी हुनेछ।

(२) अध्यक्षले संरक्षक परिषद्को बैठक र दिक्षान्त समारोहको अध्यक्षता गर्नेछ र निजले उच्च शिक्षण संस्था वा सो उच्च शिक्षण संस्थासँग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

२०. <u>उपकुलपति</u> : (१) उच्च शिक्षण संस्थाको कार्यकारी प्रमुखको हैसियतमा कार्य सम्पादन गर्न पूरा समय काम गर्ने पदाधिकारी उपकुलपति हुनेछ।

(२) उपदफा (१) बमोजिमको उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संरक्षक परिषद्को निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) उच्च शिक्षण संस्थाद्वारा सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने र सोको प्रतिवेदन कार्यकारी परिषद्मा पेस गर्ने,

(ग) उच्च शिक्षण संस्थाको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने वा गराउने,

(घ) उच्च शिक्षण संस्थालाई आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ङ) आर्थिक अनुशासन, मितव्ययीता र पारदर्शिता कायम गर्ने वा गराउने,

(च) उच्च शिक्षण संस्थाको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने वा गराउने,

(छ) विधानमा उल्लेख भएबमोजिम अन्य कार्य गर्ने वा गराउने।

२१. <u>उपकुलपतिको नियुक्ति</u> : (१) उच्च शिक्षण संस्थाको उपकुलपतिको नियुक्ति गर्ने प्रयोजनको लागि उम्मेदवारको नाम सिफारिस गर्न नेपाल सरकारले देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछ :-

(क) आयोगको अध्यक्ष - संयोजक

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) संरक्षक परिषद्का सदस्यहरूमध्येबाट एकजना - सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिको गठन उपकुलपतिको पद रिक्त हुनुभन्दा तीन महिना अगावै गठन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिले उपकुलपतिको नियुक्तिका लागि उम्मेदवारको छनोट गर्न सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) उपकुलपतिको पदका लागि उम्मेदवार हुन देहायको न्यूनतम योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) मान्यता प्राप्त उच्च शिक्षण संस्थाबाट विद्यावारिधी उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षण संस्था सेवाको ज्येष्ठतामा रही सम्बन्धित क्षेत्रमा कार्य गरेको,

(ग) उच्च शिक्षण संस्थाको प्राध्यापक पदमा रही दश वर्ष काम गरेको वा उच्च शिक्षण संस्थाको शिक्षाध्यक्ष, रजिष्ट्रार, डीनको अनुभव सहित सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको,

(घ) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(च) पैंतालीस वर्ष उमेर पूरा भएको।

(५) दरखास्त पेस गर्ने उम्मेदावारले सिफारिस समितिले तोकेको अवधि र प्रक्रिया बमोजिम उपकुलपति पदमा नियुक्तिका लागि योजना, कार्यक्रम, रणनीति, कार्यनीति र कार्यपद्दतिसहितको कार्ययोजना पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम उम्मेदवारहरूको कार्य योजना, अन्तर्वार्ता र प्रस्तुतिको मूल्याङ्कन आधारमा सिफारिस समितिले सबैभन्दा योग्य एक जना उम्मेदवारको नाम उपकुलपति पदमा नियुक्तिको लागि अध्यक्ष समक्ष सिफारिस गर्नेछ।

(७) उपकुलपति सिफारिस सम्बन्धी अन्य कार्यविधि सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२२. <u>शिक्षाध्यक्ष</u> : (१) प्रत्येक उच्च शिक्षण संस्थामा एक जना शिक्षाध्यक्ष हुनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उच्च शिक्षण संस्थाको प्राज्ञिक मामिलाको नेतृत्व र समन्वय गर्ने,

(ख) शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम राख्ने,

(ग) शैक्षिक कार्यक्रमको तयारी र कार्यान्वयनका सम्बन्धमा रेखदेख, सामञ्जस्य, अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन, कारबाही र निर्देशन दिने,

(घ) पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, परीक्षाका नीति, योजना र कार्यक्रमको निर्धारण, समन्वय र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(ङ) शैक्षिक विषयमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समन्वय कायम गर्ने,

(च) मातहतका पदाधिकारी र शैक्षिक विभाग तथा शिक्षण संस्थाको रेखदेख, नियन्त्रण, मूल्याङ्कन र समन्वय सम्बन्धी कार्य गर्ने,

(छ) परीक्षाको प्राज्ञिक र शैक्षिक गुणस्तर निर्धारण गर्न निर्देशन दिने,

(ज) विधानमा उल्लेख भएबमोजिम अन्य कार्य गर्ने वा गराउने।

(३) उपदफा (१) बमोजिमको शिक्षाध्यक्षको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकेबमोजिम हुनेछ।

२३. रजिष्ट्रार : (१) प्रत्येक उच्च शिक्षण संस्थामा रजिष्ट्रार रहनेछ।

(२) उपदफा (१) बमोजिमको रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्थाको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ख) उच्च शिक्षण संस्थाको कोष सञ्चालन, लेखा राख्ने र लेखापरीक्षण गर्ने वा गराउने,

(ग) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजनाको तर्जुमा गर्ने र सो को कार्यान्वयन गर्ने वा गराउने,

(घ) उच्च शिक्षण संस्थाको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ङ) उच्च शिक्षण संस्थाको सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

(च) विधानमा उल्लेख भएबमोजिम अन्य कार्य गर्ने वा गराउने।

(३) उपदफा (१) बमोजिमको रजिष्ट्रारको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकेबमोजिम हुनेछ।

२४. उच्च शिक्षण संस्थाका पदाधिकारी सम्बन्धी अन्य व्यवस्था : (१) उच्च शिक्षण संस्थाका पदाधिकारी पदमा बहाल रहँदासम्म कुनै राजनीतिक दलमा संलग्न हुने वा राजनीतिक दल वा दलको भातृ सङ्गठनको सदस्य हुनु हुँदैन।

नेपाल सरकार नेपाल कानून आयोग २०६३



(२) उच्च शिक्षण संस्थाका पदाधिकारीहरूले आफ्नो पद अनुरूप जिम्मेवारी पूरा नगरेमा वा पद अनुकुलको आचरण नगरेमा विधानमा उल्लेख भए बमोजिम प्रक्रिया अपनाई पदबाट हटाउन सकिनेछ।

(३) उच्च शिक्षण संस्थाका पदाधिकारीको पदपूर्ति, पद रिक्तता, पारिश्रमिक, सेवा तथा सुविधाका शर्त, आचरण तथा आचारसंहिता सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-५

## प्रमाणपत्र, उपाधि, बौद्धिक सम्पत्ति र राष्ट्रिय योगयता प्रारूप सम्बन्धी व्यवस्था

२५. प्रमाणपत्र र उपाधि दिने : (१) उच्च शिक्षण संस्थामा सञ्चालित शैक्षिक कार्यक्रममा अध्ययन गरी उच्च शिक्षा हासिल गर्न सफल हुने विद्यार्थी, प्रशिक्षार्थी तथा अनुसन्धानकर्तालाई उच्च शिक्षण संस्थाले प्रमाणपत्र तथा शैक्षिक उपाधि प्रदान गर्न सक्नेछ।

(२) उच्च शिक्षण संस्थाले कुनै स्वदेशी वा विदेशी उच्च शिक्षण संस्था वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो उच्च शिक्षण संस्थामा अध्ययन वा काम गर्ने प्रयोजनका लागि तोकिए बमोजिम मान्यता दिन सक्नेछ।

तर प्रदेश विश्वविद्यालयले कुनै विदेशी उच्च शिक्षण संस्था वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिनु अघि आयोगसँग सहमति लिनु पर्नेछ।

(३) उच्च शिक्षण संस्थाले देशभित्र वा विदेशी संस्थासँगको सहकार्यमा संयुक्त अध्ययन, अध्यापन, अनुसन्धान कार्य गर्न र संयुक्त उपाधि प्रदान गर्न सक्नेछ।

तर प्रदेश विश्वविद्यालयले विदेशी संस्थासँग त्यस्तो सहकार्य गर्नु अघि आयोगसँग सहमति लिनु पर्नेछ।

(४) स्वदेशी उच्च शिक्षण संस्थाबाट प्राप्त प्रमाणपत्रको समकक्षता स्वतः प्राप्त भएको मानिनेछ।

तर विदेशी उच्च शिक्षण संस्थाको हकमा समकक्षताको निर्धारण तोकिएको निकायबाट राष्ट्रिय योग्यता प्रारूपका आधारमा गरिनेछ।

(५) उच्च शिक्षण संस्थाले प्रदान गर्ने प्रमाणपत्र, उपाधि तथा मानार्थ उपाधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

नेपाल सरकार नेपाल कानून आयोग २०६३



२६. बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार : उच्च शिक्षण संस्थाले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम सम्बन्धित उच्च शिक्षण संस्थामा निहित हुनेछ।

२७. राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन : (१) नेपाल सरकारले औपचारिक, अनौपचारिक तथा अनुभवबाट सिकेका ज्ञान, सीप तथा योग्यताको वर्गीकरण, परीक्षण, प्रमाणीकरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्वालिटी एसुरेन्स/एक्रिडीटिएसन), समकक्षता, पारगम्यता (परमियाविलिटी) लगायतका विषयलाई व्यवस्थित गर्न राष्ट्रिय योग्यता प्रारूप (नेसनल क्वालिफिकेसन फ्रेमवर्क) विकास गरी कार्यान्वयन गर्नेछ।

(२) उच्च शिक्षण संस्थाले राष्ट्रिय योग्यता प्रारूपबाट निर्धारित मापदण्डका आधारमा विषयगत, क्षेत्रगत वा विधागत योग्यता तथा तिनको विस्तृत सक्षमता मानकहरू निर्धारण गरी कार्यान्वयन गर्नेछ।

(३) राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## छात्रवृत्ति तथा अध्ययन अनुमतिपत्र

२८. निः शुल्क उच्च शिक्षा तथा छात्रवृत्ति : (१) उच्च शिक्षण संस्थामा भर्ना भएका दलित, सीमान्तकृत, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एक पटक मात्र उपभोग गर्न पाउनेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको निःशुल्क छात्रवृत्ति सहित सिट सुरक्षित गर्नु पर्नेछ।

(५) उच्च शिक्षण संस्थाले शहिद, बेपत्ता पारिएका व्यक्ति र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नु पर्नेछ।

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३

(६) सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ।

२९. <u>छात्रवृत्तिको लागि सिट उपलब्ध गराउनु पर्ने</u> : (१) चिकित्सा शिक्षा, इन्जिनियरिङ्ग, वन, कृषि तथा पशु विज्ञान र नेपाल सरकारले तोकेका अन्य प्राविधिक विषयको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निजी लगानीका उच्च शिक्षण संस्थाले प्रत्येक शैक्षिक सत्रमा आफूले प्राप्त गरेको कुल सिटमा स्वदेशी लगानीमा सञ्चालित भए कम्तीमा दश प्रतिशत र वैदेशिक लगानीमा सञ्चालित भए कम्तीमा बीस प्रतिशत सिट छात्रवृत्तिका लागि नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ।

(२) सार्वजनिक, सामुदायिक र गैर नाफामूलक उच्च शिक्षण संस्थाले प्राविधिक लगायतका अन्य विषय र निजी शिक्षण संस्थाले प्राविधिक विषय बाहेकका विषयमा प्रत्येक शैक्षिक सत्रमा तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ र सो सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उच्च शिक्षण संस्थाको विधानबमोजिम हुनेछ।

३०. <u>अध्ययन अनुमतिपत्र (नो अब्जेक्सन लेटर) लिनु पर्ने</u> : (१) विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान चाहने नेपाली नागरिकले मन्त्रालयबाट अध्ययन अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययन अनुमतिपत्रको लिनको लागि तोकिएको विवरण खुलाई तोकिए बमोजिमको शुल्क सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखिएमा मन्त्रालयले तोकिए बमोजिमको ढाँचामा निवेदकलाई अनुमतिपत्र दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमतिपत्र पाउन योग्य व्यक्तिलाई त्यस्तो अध्ययनको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधाका लागि मन्त्रालयले सिफारिस गर्न सक्नेछ।

(५) अध्ययन अनुमतिपत्र तथा विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-७

## <u>अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था</u>

३१. <u>अनुमति लिनु पर्ने</u> : (१) विदेशमा सञ्चालन हुने उच्च शिक्षाको तयारीलाई लक्षित गरी सञ्चालन हुने तयारी कक्षा वा विदेशमा अध्ययन अध्यापन हुने भाषा शिक्षण कक्षा सञ्चालन गर्न चाहने संस्थाले आयोगबाट अनुमति प्राप्त गरी सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने तयारी कक्षा वा भाषा शिक्षणको अनुमति, दर्ता, नवीकरण, नियमन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(३) विदेशमा उच्च शिक्षा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीका लागि शैक्षिक परामर्श सेवा सञ्चालन गर्न चाहने संस्थाले सो कार्य सञ्चालन गर्नु पूर्व आयोग समक्ष अनुमतिको लागि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा आयोगले छानबिन गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा उपयुक्त देखिएमा आयोगले तोकिएबमोजिम धरौटी राख्न तथा अनुमतिपत्र दस्तुर बुझाउन लगाई सञ्चालन अनुमति प्रदान गर्नेछ।

(६) शैक्षिक परामर्श सेवा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३२. <u>अनुमति नलिई विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन गर्न नहुने</u> : (१) यस ऐन बमोजिम अनुमति नलिई विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कुनै पनि कार्यक्रम सञ्चालन गर्न हुँदैन।

(२) कसैले विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन गर्न चाहने संस्थाले सो कार्य सञ्चालन गर्नु पूर्व आयोग समक्ष सञ्चालन अनुमतिको लागि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा आयोगले छानबिन, स्थलगत निरीक्षण वा कुनै निकाय वा संस्थाको राय परामर्श लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको छानबिन, स्थलगत निरीक्षण वा कुनै निकाय वा संस्थाको राय परामर्शबाट उपयुक्त देखिएको र उपदफा (६) बमोजिमको मापदण्ड पूरा गरेको पाइएमा आयोगले निर्धारण गरेबमोजिम धरौटी राख्न तथा अनुमतिपत्र दस्तुर बुझाउन लगाई सञ्चालन अनुमति प्रदान गर्नेछ।

(५) यो ऐन जारी हुनु पूर्व विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(६) परिषद्ले विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वय गर्नेछ।

(७) विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-

## उच्च शिक्षा गुणस्तर सुनिश्चितता प्रत्यायन समिति

३३. <u>उच्च शिक्षा गुणस्तर सुनिश्चितता प्रत्यायन समिति</u> : (१) मुलुकभित्र सञ्चालित शैक्षिक संस्था र कार्यक्रमको गुणस्तर सुनिश्चितता परीक्षण गरी प्रत्यायन गर्ने प्रयोजनको लागि आयोग अन्तर्गत एक उच्च शिक्षा गुणस्तर सुनिश्चितता प्रत्यायन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्ष, आयोग - अध्यक्ष

(ख) सचिव, आयोग - सदस्य

(ग) सहसचिव, मन्त्रालय (उच्च शिक्षा हेर्ने) - सदस्य

(घ) नेपाल इञ्जिनियरिङ्ग परिषद्, नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद् लगायतका पेशागत व्यवसायिक परिषद्का अध्यक्षहरूमध्येबाट आयोगले मनोनीत गरेका चार जना - सदस्य

(ङ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी कार्यको अनुभव भएका विद्यावारिधिको उपाधि प्राप्त गरेका वरिष्ठ प्राध्यापकहरू मध्येबाट कम्तीमा एक जना महिला सहित आयोगले मनोनीत गरेका तीन जना - सदस्य

(च) आयोगले तोकेको आयोगको अधिकृत स्तरको कर्मचारी - सदस्य-सचिव

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि सम्बन्धित पेशागत परिषद्को पदमा बहालमा रहेसम्म चार बर्षमा नबढ्ने गरी र खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा आयोगले समितिको अध्यक्ष वा सदस्यलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निज खराब आचरणमा लागेमा, वा

(ग) निजले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

३४. समितिको बैठक : समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३५. समितिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वदेशी उच्च शिक्षण संस्था वा विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित शिक्षण संस्था वा शैक्षिक कार्यक्रमलाई प्रत्यायन प्रमाणपत्र प्रदान गर्ने,

(ख) उच्च शिक्षाको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विधि र प्रकृया सुनिश्चित गरी सोही अनुरूप गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी काम गर्ने वा गराउने,

(ग) समग्र उच्च शिक्षाको विकासलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीसँग आबद्ध गर्ने,

(घ) उच्च शिक्षण संस्था तथा प्रचलित कानून बमोजिम स्थापना भएका व्यावसायिक परिषद्हरूसँग समन्वय गरी उच्च शिक्षाको गुणस्तर, विश्वसनीयता तथा प्रत्यायन सम्बन्धी कार्य गर्ने वा गराउने,

(ङ) परिषद्द्वारा प्रत्यायन गरिएका उच्च शिक्षण संस्था तथा कार्यक्रमहरूको सूची सार्वजनिक जानकारीका लागि प्रकाशन गर्ने,

(च) उच्च शिक्षाको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धमा नेपाल सरकार र आयोगलाई आवश्यक सल्लाह सुझाव दिने,

(छ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी अन्तर्राष्ट्रिय निकायहरूसँग सम्बन्ध विकास तथा विस्तार गर्ने,

(ज) आयोगको निर्देशन र समन्वयमा रही काम गर्ने,

(झ) आयोग समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने,

(ञ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

३६. समितिको सदस्यको पद रिक्त हुने : देहायको कुनै अवस्था भएमा समितिको दफा ३३ को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) दफा ३३ को उपदफा (३) बमोजिम पदावधि पूरा भएमा,

(ग) दफा ३३ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेमा, वा

(च) निजको मृत्यु भएमा।

३७. <u>उच्च शिक्षण संस्था तथा कार्यक्रमको स्तरीकरण</u> : (१) समितिले उच्च शिक्षण संस्था तथा शैक्षिक कार्यक्रमको गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका लागि आवश्यक मापदण्ड, मानक तथा सूचक तयार गरी आयोगबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृत मापदण्ड, मानक र सूचकका आधारमा परीक्षणमा योग्य देखिएका उच्च शिक्षण संस्था तथा शैक्षिक कार्यक्रमलाई समितिले स्तरीकरण गर्नेछ।

परिच्छेद-९

## <u>उच्च शिक्षण संस्था गाभ्ने र विघटन सम्बन्धी व्यवस्था</u>

३८. <u>उच्च शिक्षण संस्था गाभिन सक्ने</u> : (१) कुनै उच्च शिक्षण संस्था अर्को उच्च शिक्षण संस्थामा गाभिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाभिन चाहने उच्च शिक्षण संस्था र गाभ्ने उच्च शिक्षण संस्थाले तोकिएका कुरा खुलाई संयुक्त रूपमा आयोग समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा त्यस्ता उच्च शिक्षण संस्था आपसमा गाभ्न मनासिब देखिएमा आयोगले परिषद् समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव जाँचबुझ गर्दा त्यस्ता उच्च शिक्षण संस्थालाई एक आपसमा गाभ्न मनासिब देखिएमा परिषद्ले सोही व्यहोराको सिफारिस नेपाल सरकार समक्ष पेस गर्नेछ।

(५) उपदफा (४) बमोजिम परिषद्को सिफारिस उपयुक्त देखिएमा नेपाल सरकारले त्यस्ता उच्च शिक्षण संस्था एक आपसमा गाभ्न स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको स्वीकृति प्राप्त भएमा आयोगले उच्च शिक्षण संस्थालाई तोकिएको ढाँचामा गाभिएको पत्र दिनेछ।

(७) उपदफा (६) बमोजिम कुनै उच्च शिक्षण संस्था अर्को उच्च शिक्षण संस्थामा गाभिएमा त्यसरी गाभिएको उच्च शिक्षण संस्था र सो अन्तर्गतका शैक्षिक कार्यक्रम, सङ्काय, क्याम्पस, शिक्षक, कर्मचारी तथा विद्यार्थी गाभ्ने उच्च शिक्षण संस्थाको हुनेछ।

(८) यस दफा बमोजिम गाभिएको उच्च शिक्षण संस्थाको हकभोगमा रहेको चल, अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व त्यस्तो गाभ्ने उच्च शिक्षण संस्थामा स्वतः हस्तान्तरण हुनेछ।

(९) उच्च शिक्षण संस्था गाभ्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिमको हुनेछ।

३९. <u>उच्च शिक्षण संस्था विघटन गर्न सक्ने</u> : (१) कुनै कारणले उच्च शिक्षण संस्था सञ्चालन हुन नसकेमा परिषद्को सिफारिसमा नेपाल सरकारले त्यस्तो उच्च शिक्षण संस्था विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उच्च शिक्षण संस्था विघटन गर्नु अघि सम्बन्धित उच्च शिक्षण संस्थालाई आफ्नो सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै उच्च शिक्षण संस्था विघटन भएमा त्यस्तो उच्च शिक्षण संस्थाको हकभोगमा रहेको चल अचल सम्पत्तिमध्ये केन्द्रीय विश्वविद्यालयको सम्पत्ति नेपाल सरकारले र प्रदेश विश्वविद्यालयको सम्पत्ति प्रदेश सरकारले कुनै शिक्षण संस्थालाई उपलब्ध गराउन वा अन्य सरकारी प्रयोजनको लागि प्रयोग गर्न वा गराउन सक्नेछ।

(४) उच्च शिक्षण संस्था विघटन भएपछि सो उच्च शिक्षण संस्थामा कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थीका सम्बन्धमा तोकिए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम उच्च शिक्षण संस्था खारेज गर्नु अघि नेपाल सरकारले आयोगको सिफारिसमा विश्वविद्यालयको सम्पत्ति र दायित्वको हिसाब गरी फस्यौंट गर्न एकजना लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समुदाय वा स्थानीय तहको स्वामित्वमा रहेको उच्च शिक्षण संस्था विघटन भएमा त्यस्तो उच्च शिक्षण संस्थाको चल अचल सम्पत्ति, दायित्व, शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) उच्च शिक्षण संस्था विघटन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. <u>क्याम्पस हस्तान्तरण गर्न सक्ने</u> : (१) कुनै एक उच्च शिक्षण संस्था अन्तर्गत सञ्चालित आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसलाई अर्को उच्च शिक्षण संस्था अन्तर्गत सञ्चालन गर्न मनासिब भई क्याम्पस हस्तान्तरण गर्न सम्बन्धित उच्च शिक्षण संस्थाहरूका बीच सहमति भई

आयोग समक्ष निवेदन दिएमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो क्याम्पसलाई एक उच्च शिक्षण संस्थाबाट अर्को उच्च शिक्षण संस्थामा हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै क्याम्पस अर्को उच्च शिक्षण संस्थामा हस्तान्तरण भएमा त्यस्तो क्याम्पसमा कार्यरत शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थी सोही उच्च शिक्षण संस्थामा हस्तान्तरण भएको मानिनेछ र त्यस्तो क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक कार्यक्रम पूरा गराउने जिम्मा सोही उच्च शिक्षण संस्थाको हुनेछ।

(३) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको क्याम्पसको हकभोगमा रहेको चल अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व क्याम्पस हस्तान्तरण सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(४) क्याम्पस हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. <u>विद्यार्थी स्थानान्तरण हुन सक्ने</u> : एक उच्च शिक्षण संस्था अन्तर्गत अध्ययन गरिरहेको विद्यार्थी अर्को उच्च शिक्षण संस्थामा स्थानान्तरण हुन चाहेमा अध्ययन गरिरहेको उच्च शिक्षण संस्थाको स्वीकृति लिई सम्बन्धित उच्च शिक्षण संस्थाको विनियमको अधीनमा रही स्थानान्तरण गर्न तथा एक उच्च शिक्षण संस्थाबाट प्राप्त अध्ययनको क्रेडिट (प्राप्ताङ्क) जोडी अर्को उच्च शिक्षण संस्थामा निरन्तरता प्रदान गर्न सकिनेछ।

तर, प्राविधिक विषयका विद्यार्थीको हकमा सम्बन्धित व्यावसायिक परिषद्ले तोके बमोजिम हुनेछ।

## परिच्छेद-१०

## उच्च शिक्षण संस्थाको कोष, लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था

४२. <u>उच्च शिक्षण संस्थाको कोष</u> : (१) प्रत्येक उच्च शिक्षण संस्थाको एक छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) आयोगबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(ग) शिक्षण शुल्कबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम रकम प्राप्त गर्नु अघि उच्च शिक्षण संस्थाले आयोग मार्फत् नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३



(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धित उच्च शिक्षण संस्थाको विधान तथा विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

४३. <u>लेखा र लेखापरीक्षण</u> : (१) उच्च शिक्षण संस्थाले आफ्नो आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) उच्च शिक्षण संस्थाको संरक्षक परिषद्ले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) उच्च शिक्षण संस्थाको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखापरीक्षकहरूमध्ये संरक्षक परिषद्बाट नियुक्त लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(४) उच्च शिक्षण संस्थाको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

परिच्छेद-११

<u>उच्च शिक्षा परिषद्को गठन, काम, कर्तव्य र अधिकार</u>

४४. <u>उच्च शिक्षा परिषदको गठन</u> : (१) उच्च शिक्षण संस्थाको स्थापना, सञ्चालन, व्यवस्थापन र नियमन गर्नका लागि उच्च शिक्षा सम्बन्धी राष्ट्रिय नीति निर्धारण गर्न एक उच्च शिक्षा परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रधानमन्त्री - अध्यक्ष
(ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री - सहअध्यक्ष
(ग) अध्यक्ष, आयोग - उपाध्यक्ष
(घ) प्रत्येक प्रदेशबाट शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री - सदस्य
(ङ) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) - सदस्य
(च) उच्च शिक्षण संस्थाका उपाध्यक्ष वा उपकूलपतिहरू मध्येबाट पाँच जना - सदस्य
(छ) सचिव, अर्थ मन्त्रालय - सदस्य
(ज) सचिव, मन्त्रालय - सदस्य
(झ) अध्यक्ष, नेपाल प्राध्यापक सङ्घ - सदस्य
(ञ) उच्च शिक्षाको क्षेत्रमा कम्तीमा बीस वर्ष अध्यापन वा अनुसन्धान गरेका प्राध्यापकहरू मध्येबाट कम्तीमा दुईजना महिलासहित पाँचजना - सदस्य



नेपाल कानून आयोग

(ट) उद्योगी, व्यवसायी, व्यापारी, चन्दादाता तथा
समाजसेवीहरू मध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ठ) सचिव, आयोग - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (च), (ञ) र (ट) बमोजिमका सदस्यको मनोनयनको लागि सिफारिस गर्न सहअध्यक्षको संयोजकत्वमा उपाध्यक्ष र मन्त्रालयको सचिव रहेको एक सिफारिस समिति रहनेछ।

(४) उपदफा (३) बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिलाई परिषद्को अध्यक्षले सदस्यमा मनोनयन गर्नेछ।

(५) उपदफा (४) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको, इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको, उच्च शिक्षण संस्थाको हित विपरीत कुनै काम गरेको वा निज नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहर भएको अवस्थामा परिषद्ले त्यस्तो सदस्यलाई पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त हुन गएमा उपदफा (३) बमोजिमको प्रक्रिया पूरा गरी सोही समूहबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(८) परिषद्को सचिवालय आयोगमा रहनेछ।

४५. <u>परिषद्को बैठक</u> : (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्को कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४४ को उपदफा (२) को खण्ड (च), (ञ) र (ट) बमोजिमका मनोनीत सदस्यको पद कुनै कारणले रिक्त रहेको अवस्थामा तत्काल कायम रहेका कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक सम्बन्धी कारबाही सञ्चालन गर्न बाधा पुगेको मानिने छैन।

नेपाल सरकार कानून आयोग २०६३

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता सहअध्यक्षले गर्नेछ।

(७) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) परिषद्को बैठकमा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

तर, त्यस्तो आमन्त्रित विज्ञले मत दिन पाउने छैन।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४६. <u>परिषदको काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्था स्थापना तथा सञ्चालनको आधार र मापदण्ड सम्बन्धी नीति तथा रणनीति निर्धारण गर्ने,

(ख) उच्च शिक्षण संस्थाको वर्गीकरण सम्बन्धी मापदण्ड स्वीकृत गर्ने,

(ग) उच्च शिक्षण संस्थालाई दिइने आर्थिक सहायता तथा अनुदान सम्बन्धी नीति निर्धारण गर्ने,

(घ) गुणस्तर सुनिश्चितता र प्रत्यायन सम्बन्धी नीति निर्धारण गर्ने,

(ङ) आयोग, सेवा आयोग र उच्च शिक्षण संस्थालाई आवश्यक मार्गदर्शन दिने,

(च) राष्ट्रिय योग्यता प्रारूप स्वीकृत गर्ने,

(छ) उच्च शिक्षाको विकास र प्रवर्धनका लागि आवश्यक अन्य काम गर्ने वा गराउने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

## परिच्छेद-१२

## <u>विश्वविद्यालय अनुदान आयोगको गठन तथा काम, कर्तव्य र अधिकार</u>

४७. <u>विश्वविद्यालय अनुदान आयोग</u> : (१) उच्च शिक्षण संस्थाको नियमन गर्न र त्यस्तो संस्थालाई अनुदान वितरण गर्न एक विश्वविद्यालय अनुदान आयोग रहनेछ।

(२) आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षाको क्षेत्रमा कम्तीमा बीस वर्ष अध्ययन वा अनुसन्धान गरी विशिष्ट योगदान पुऱ्याएका

नेपाल सरकार
नेपाल कानून आयोग



प्राध्यापकहरूमध्येबाट नेपाल सरकारले नियुक्त
गरेको व्यक्ति - अध्यक्ष

(ख) उपाध्यक्ष वा उपकुलपतिहरूमध्येबाट नेपाल सरकारले
तोकेका दुई जना - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) उच्च शिक्षामा विशेष योगदान पुर्‍याएको वा पुर्‍याउन
सक्ने शिक्षा विद् तथा वरिष्ठ प्राध्यापकहरू मध्येबाट
नेपाल सरकारले मनोनीत गरेका एक जना व्यक्ति - सदस्य

(ङ) उच्च शिक्षाका क्षेत्रमा विशेष योगदान पुर्‍याउने विभिन्न
क्षेत्रका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत
गरेका एक जना व्यक्ति - सदस्य

(च) सचिव, आयोग - सदस्य-सचिव

(३) आयोगको अध्यक्ष तथा उपदफा (२) को खण्ड (क), (घ) र (ङ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

तर परिषद्‌को सदस्य नरहेको अवस्थामा त्यस्तो सदस्यको पदावधि स्वतः समाप्त भएको मानिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्था भएमा नेपाल सरकारले आयोगको अध्यक्ष, सदस्य वा सचिवलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निज खराब आचरणमा लागेमा, वा

(ग) निजले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो अध्यक्ष, सदस्य वा सचिवलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(७) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको विश्वविद्यालय अनुदान आयोग यस ऐन बमोजिमको आयोग गठन नभएसम्म कायम रहनेछ र सो आयोगले यस ऐन बमोजिम काम गर्नेछ।

४८. <u>आयोग स्वशासित र सङ्गठित संस्था हुने</u> : (१) आयोग अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) आयोगले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

४९. <u>आयोगको बैठक</u> : (१) आयोगको बैठक आवश्यकता अनुसार आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) आयोगको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(३) आयोगको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उमेरका आधारमा आयोगको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) आयोगको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

तर, त्यस्तो आमन्त्रित विज्ञले मत दिन पाउने छैन।

(७) आयोगको बैठकको निर्णय आयोगको अध्यक्ष र सचिवले प्रमाणित गरी अभिलेखको रूपमा राख्नु पर्नेछ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

५०. <u>आयोगको काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्थालाई अनुदान वितरण गर्ने,

(ख) उच्च शिक्षण संस्थाको अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने,

(ग) परिषद्बाट स्वीकृत नीति तथा मापदण्डको कार्यान्वयन गर्ने वा गराउने,

(घ) उच्च शिक्षण संस्थाको स्थापना तथा पुनः संरचनाका लागि मापदण्ड तयार गर्ने र स्वीकृतिका लागि परिषद् समक्ष पेस गर्ने,

(ङ) उच्च शिक्षण संस्थासँग समन्वय गर्ने,

(च) परिषद्बाट स्वीकृत राष्ट्रिय योग्यता प्रारूप लागू गर्ने वा गराउने,

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३



(छ) उच्च शिक्षण संस्थाको स्थापनाको लागि परिषद् समक्ष सिफारिस गर्ने,

(ज) भूगोल, जनसङ्ख्या तथा स्थानीय विशिष्टताका आधारमा उच्च शिक्षण संस्थाको नक्शाङ्कन गर्ने वा गराउने,

(झ) उच्च शिक्षण संस्थाको विकास सम्बन्धमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय गर्ने,

(ञ) उच्च शिक्षण संस्थाको एकीकृत तथ्याङ्क (डाटाबेस) तयार गर्ने,

(ट) उच्च शिक्षण संस्थाका शिक्षक तथा अनुसन्धानकर्ताको न्यूनतम योग्यता निर्धारण र वर्गीकरण गर्ने,

(ठ) स्वदेशी तथा विदेशी विश्वविद्यालयको उपाधिको मान्यता र समकक्षता निर्धारण गर्ने,

(ड) केन्द्रीय विश्वविद्यालयका लागि आवश्यक पर्ने शिक्षक र कर्मचारीको दरबन्दी सिफारिस गर्ने,

(ढ) गुणस्तर सुनिश्चितता र प्रत्यायन तथा उच्च शिक्षण संस्थाको स्तर निर्धारण गर्ने,

(ण) विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड तयार गर्ने,

(त) वार्षिक बजेट, कार्यक्रम र प्रतिवेदन तयार गरी परिषद् समक्ष पेस गर्ने,

(थ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

५१. <u>सिफारिस समिति सम्बन्धी व्यवस्था</u> : (१) दफा ४७ को उपदफा (२) को खण्ड (क) बमोजिमको आयोगको अध्यक्ष, दफा ५५ को उपदफा (१) बमोजिमको आयोगको सचिव र दफा ६२ को उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमको सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) लोक सेवा आयोगको सदस्य - संयोजक

(ख) नेपाल सरकारले नियुक्त गरेको वरिष्ठ प्राध्यापक - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिको कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५२. <u>आयोगको अध्यक्ष, सदस्य र सचिवको अयोग्यता</u> : देहायको व्यक्ति आयोगको अध्यक्ष, सदस्य वा सचिवमा नियुक्त हुन अयोग्य मानिनेछ :-

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३



(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सरकारी वा सार्वजनिक संस्थाको सेवाको पदमा नियुक्तिको लागि योग्य नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेको,

(ङ) दामासाहीमा परेको,

(च) शारीरिक वा मानसिक कारणले काम कारबाही गर्न असमर्थ रहेको, वा

(छ) पैंतालिस वर्ष उमेर पूरा नभएको।

५३. पद रिक्त हुने : देहायको कुनै अवस्थामा आयोगको अध्यक्ष, सदस्य वा सचिवको पद रिक्त हुनेछ :-

(क) निजले नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा ४७ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) दफा ५२ बमोजिम योग्य नभएमा, वा

(ङ) निजको मृत्यु भएमा।

५४. आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार : (१) आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको कार्यक्रम तथा बजेट तयार गरी परिषद्मा पेस गर्ने,

(ख) परिषद् र आयोगको बैठकको निर्णयहरू कार्यान्वयन गर्ने वा गराउने,

(ग) परिषद् र आयोगले अधिकार प्रत्यायोजन गरेका अन्य कार्य गर्ने।

(२) आयोगको अध्यक्ष पूर्णकालीन कार्यकारी प्रमुख हुनेछ।

(३) आयोगको अध्यक्षको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

५५. आयोगको सचिव : (१) उच्च शिक्षाको क्षेत्रमा कम्तीमा बीस वर्ष अध्यापन वा अनुसन्धान गरेका व्यक्ति तथा प्राध्यापकमध्येबाट दफा ५१ बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले आयोगको सचिव नियुक्त गर्नेछ।

(२) आयोगको सचिव पूर्णकालीन पदाधिकारी हुनेछ।

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३



(३) आयोगको सचिवको पदावधि चार वर्षको हुनेछ।

(४) आयोगको अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही आयोगको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्ने जिम्मेवारी सचिवको हुनेछ र सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को वार्षिक कार्यक्रम, बजेट र योजना तयार गरी परिषद् समक्ष पेस गर्ने,

(ख) परिषद्को चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने वा गराउने,

(ग) परिषद् तथा आयोगको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(घ) परिषद् तथा आयोगमा रहने अभिलेख अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने,

(ङ) परिषद्का कर्मचारीलाई कार्यविभाजन गरी काममा लगाउने,

(च) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने,

(छ) परिषद्, आयोग वा आयोगको अध्यक्षले तोकेको अन्य काम गर्ने।

(५) आयोगको सचिवको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

५६. <u>अनुदान उपलब्ध गराउने</u> : (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विश्वविद्यालय र यो ऐन प्रारम्भ भएपछि स्थापना हुने सार्वजनिक उच्च शिक्षण संस्थालाई नेपाल सरकारबाट उपलब्ध हुने आर्थिक सहयोग तथा अनुदान आयोग मार्फत उपलब्ध हुनेछ।

(२) उपदफा (१) बमोजिमको उपलब्ध हुने आर्थिक सहयोग तथा अनुदान परिषद्बाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

(३) उच्च शिक्षण संस्था मार्फत सामुदायिक क्याम्पसलाई आयोगले निर्धारण गरेको मापदण्ड र प्रक्रियाका आधारमा अनुदान तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

५७. <u>विवरण माग गर्न सक्ने</u> : (१) आयोगले कुनै उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित कुनै शैक्षिक संस्थाको आर्थिक तथा वित्तीय विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण उपलब्ध गराउनु सम्बन्धित उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित शैक्षिक संस्थाको कर्तव्य हुनेछ।

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३



(३) उपदफा (१) बमोजिम माग गरिएको विवरणको अध्ययन गर्दा त्यस्तो उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित शैक्षिक संस्थाको निरीक्षण गर्नु पर्ने भएमा आयोगले आवश्यकता अनुसार निरीक्षण गर्न वा गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निरीक्षण गर्ने व्यक्तिलाई सहयोग गर्नु सम्बन्धित उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित शैक्षिक संस्थाको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिम विवरण उपलब्ध नगराउने वा निरीक्षण गर्न सहयोग नपुऱ्याउने उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित शैक्षिक संस्थालाई आयोगले प्रदान गर्ने अनुदान तथा अन्य सहयोग रोक्का गर्न सक्नेछ।

५८. <u>आयोगको निर्णय अन्तिम हुने</u> : कुनै उम्मेदवारले कुनै उच्च शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधि सम्बन्धित पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ वा छैन भन्ने प्रश्न उठेमा आयोगले निर्णय गरे बमोजिम हुनेछ।

५९. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) आयोगको कार्य सञ्चालन गर्नको लागि आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत विश्वविद्यालय अनुदान आयोगमा कार्यरत कर्मचारी स्वतः आयोगका कर्मचारी हुनेछन्।

(३) आयोगका कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू आयोगको विनियममा व्यवस्था भए बमोजिम हुनेछन्।

(४) आयोगका कर्मचारीको सेवा सुविधा निर्धारण गर्दा निजले खाइपाइ आएको सेवा सुविधामा प्रतिकूल असर नपर्ने गरी निर्धारण गर्नु पर्नेछ।

६०. <u>आयोगको कोष</u> : (१) आयोगको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) सेवा आयोगबाट लिइने परीक्षा शुल्क बापत प्राप्त हुने रकम,

(ग) विदेशी सरकार वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्, आयोग र सेवा आयोगको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) आयोगको कोषमा रहने रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(६) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६१. <u>लेखा र लेखापरीक्षण</u> : (१) आयोगको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली बमोजिम राखिनेछ।

(२) आयोगले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) आयोगको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत आयोगको हिसाब किताब जाँच्न वा जाँच गर्न लगाउन सक्नेछ।

परिच्छेद-१३

## <u>सेवा आयोग</u>

६२. <u>सेवा आयोग</u> : (१) केन्द्रीय विश्वविद्यालय, प्रतिष्ठान वा सो सरहका सार्वजनिक उच्च शिक्षण संस्थाका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न आयोग अन्तर्गत एक सेवा आयोग रहनेछ।

(२) सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन् :-

(क) उच्च शिक्षण संस्थाबाट अवकाश प्राप्त प्राध्यापक वा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदबाट सेवा निवृत्त व्यक्तिहरूमध्येबाट एक जना - अध्यक्ष

(ख) लोकसेवा आयोगको सचिव वा निजले तोकेको सो आयोगको सहसचिव - सदस्य

(ग) उच्च शिक्षण संस्थाका वरिष्ठ प्राध्यापकहरू मध्येबाट एक महिला सहित कम्तीमा तीन जना - सदस्य

(३) दफा ५१ बमोजिमको सिफारिस समितिले सिफारिस गरेको व्यक्तिलाई परिषद्को अध्यक्षले सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्ति गर्नेछ।

(४) सेवा आयोगको अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा रहेको भनी आधार र प्रमाण सहित उजुरी प्राप्त भएमा उपदफा (६) बमोजिम छानबिन गराइ

प्राप्त प्रतिवेदनको आधारमा परिषद्‌को अध्यक्षले सेवा आयोगको अध्यक्ष वा सदस्यलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निज खराब आचरणमा लागेमा,

(ग) आर्थिक अनियमिता गरेमा,

(घ) सेवा आयोगको गोपनियता भङ्ग गरेमा, वा

(ङ) निजले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा।

(६) उपदफा (५) बमोजिमको उजुरी उपर छानबिन गर्न परिषद्‌को अध्यक्षले उच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीशको अध्यक्षतामा तीन सदस्य छानबिन समिति गठन गर्नेछ।

(७) उपदफा (६) बमोजिमको छानबिन समितिले छानबिनको कार्य प्रारम्भ गरेको एक महिनाभित्र सम्पन्न गरी प्रतिवेदन पेस गर्नु पर्नेछ।

(८) उपदफा (५) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो अध्यक्ष वा सदस्यलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(९) सेवा आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

६३. <u>सेवा आयोगको बैठक</u> : (१) सेवा आयोगको बैठक आवश्यकता अनुसार सेवा आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) सेवा आयोगको बैठकको अध्यक्षता सो आयोगको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उमेरका आधारमा सेवा आयोगको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) सेवा आयोगको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) सेवा आयोगको बैठक सम्बन्धित अन्य कार्यविधि सो आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६४. <u>सेवा आयोगको काम, कर्तव्य र अधिकार</u> : (१) सेवा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वीकृत दरबन्दी अनुसार उच्च शिक्षण संस्थामा रिक्त रहेको शिक्षक तथा कर्मचारी पदको स्थायी नियुक्तिका खुलातर्फको उपयुक्त उम्मेदवारको छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने,

नेपाल सरकार नेपाल कानून आयोग २०६३

(ख) उच्च शिक्षण संस्थामा रिक्त रहेको शिक्षक तथा कर्मचारीको बढुवा सम्बन्धी कार्य गर्ने,

(ग) खण्ड (क) र (ख) को प्रयोजनका लागि परीक्षा सञ्चालन, उत्तर पुस्तिकाको परीक्षण तथा नतिजा प्रकाशन गर्ने,

(घ) शिक्षक तथा कर्मचारीको बढुवा उपर परेको उजुरीको पुनरावलोकन गर्ने,

(ङ) पदपूर्ति वा बढुवा सम्बन्धी परीक्षाका लागि उम्मेदवारको शैक्षिक योग्यता तथा पाठ्यक्रम निर्धारण गर्ने,

(च) शिक्षक तथा कर्मचारीको सेवाका शर्त सम्बन्धी विषयमा सम्बन्धित निकायलाई परामर्श दिने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

६५. <u>सेवा आयोगको अध्यक्ष र सदस्यको अयोग्यता</u> : देहायको व्यक्ति सेवा आयोगको अध्यक्ष र सदस्यमा नियुक्त हुन अयोग्य मानिनेछ :-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सरकारी वा सार्वजनिक संस्थाको सेवाको पदमा नियुक्तिको लागि योग्य नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेको,

(ङ) दामासाहीमा परेको,

(च) शारीरिक वा मानसिक कारणले काम कारबाही गर्न असमर्थ रहेको, वा

(छ) पैंतालिस वर्ष उमेर पूरा नभएको।

६६. <u>सेवा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुने</u> : देहायको कुनै अवस्थामा सेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा ६२ को उपदफा (५) बमोजिम पदबाट हटाइएमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेमा वा नागरिकता लिएमा, वा

(च) निजको मृत्यु भएमा।

६७. <u>शैक्षिक योग्यता निर्धारण</u> : खुला प्रतियोगिताबाट पूर्ति गरिने शिक्षक तथा कर्मचारी पदको लागि उम्मेदवार हुन आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

६८. <u>पाठ्यक्रम र परीक्षण विधि</u> : (१) स्थायी नियुक्ति वा बढुवाको लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र अन्य व्यवस्था यस ऐनको अधीनमा रही सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क र परीक्षण विधिमा कुनै संशोधन भएमा त्यस्तो परीक्षा सञ्चालन हुनुभन्दा तीन महिना अगाडि त्यसको सूचना सार्वजनिक गर्नु पर्नेछ।

६९. <u>उम्मेदवारको छनोट</u> : स्थायी दरबन्दीका शिक्षक तथा कर्मचारीको रिक्त पद पूर्तिको लागि उपयुक्त उम्मेदवारको छनोट गर्दा वा बढुवाको लागि यस ऐन बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस गर्दा लिखित परीक्षाका अतिरिक्त सेवा आयोगले देहायको कुनै एक वा एक भन्दा बढी तरिका अपनाउन सक्नेछ :-

(क) प्रयोगात्मक परीक्षा,

(ख) अन्तरवार्ता,

(ग) सेवा आयोगले समय समयमा तोकेका अन्य तरिका।

७०. <u>परीक्षा सम्बन्धी व्यवस्था</u> : सेवा आयोगले सञ्चालन गर्ने परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७१. <u>सहयोग गर्नु पर्ने</u> : सेवा आयोगले आफ्नो काम कारबाही गर्दा विभिन्न निकाय वा शिक्षण संस्थासँग आवश्यक सहयोग माग गर्न सक्नेछ। त्यसरी सहयोग माग गरेमा सहयोग पुऱ्याउनु सम्बन्धित निकाय वा शिक्षण संस्थाको कर्तव्य हुनेछ।

नेपाल सरकार २०६३

## परिच्छेद-१४
## कसूर तथा सजाय

७२. कसूर गरेको मानिने : कसैले देहायको कार्य गरेमा कसूर गरेको मानिनेछ :-

(क) यस ऐन बमोजिम स्वीकृतिपत्र नलिई कुनै पनि उच्च शिक्षण संस्था स्थापना वा सञ्चालन गरेमा,

(ख) उच्च शिक्षण संस्थाको सम्पत्ति अनाधिकार रूपमा प्रयोग गरेमा वा हानि नोक्सानी पुऱ्याएमा,

(ग) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(घ) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ङ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गर्ने, प्रवेश गर्ने वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(च) परीक्षाको नतिजा प्रकाशनमा अनियमितता गरेमा,

(छ) अरूको तर्फबाट परीक्षा दिएमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण सेवा सञ्चालन गरेमा,

(ञ) ऐन बमोजिम अनुमति नलिई नेपालभित्र कुनै शिक्षण संस्था वा तालिम कार्यक्रम सञ्चालन गरेमा,

(ट) अध्ययन अनुमतिपत्र नलिई विदेशमा उच्च शिक्षा अध्ययन गरेमा,

(ड) उच्च शिक्षण संस्थाका पदाधिकारी, शिक्षक तथा कर्मचारीले आचारसंहिता उल्लङ्घन गरेमा।

७३. सजाय सम्बन्धी व्यवस्था : (१) कसैले दफा ७२ को खण्ड (क) बमोजिमको कसूर गरेमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा पाँच लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो उच्च शिक्षण संस्था बन्द हुनेछ।

(२) उपदफा (१) बमोजिम बन्द हुने उच्च शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई अर्को उच्च शिक्षण संस्थामा अध्ययन गर्न लाग्ने खर्च सञ्चालकबाट असुल उपर गरिनेछ।

(३) कसैले दफा ७२ को खण्ड (ख) बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिबाट विगो असूल गरी विगो बमोजिम जरिवाना हुनेछ।

(४) कसैले दफा ७२ को खण्ड (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई कसूरको गम्भीरता हेरी एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(५) कसैले दफा ७३ को खण्ड (झ) र (ञ) बमोजिमको कसूर गरेमा त्यस्तो कार्यक्रम बन्द गरी सम्बन्धित व्यक्तिलाई बिगो असूल गरी पचास लाख रूपैयाँसम्म जरिवाना हुनेछ।

(६) कसैले दफा ७२ को खण्ड (ट) बमोजिमको कार्य गरेमा निजको छात्रवृत्ति रद्द गरी एक लाख रूपैयाँसम्म जरिवाना गरी भविष्यमा छात्रवृत्ति नपाउने गरी कालो सूचीमा राखिनेछ।

(७) यस ऐन, नियमावली तथा विधान बमोजिमका आचरण तथा आचारसंहिता उल्लङ्घन गर्ने उच्च शिक्षण संस्थाका पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई तोकिए बमोजिम विभागीय कारबाही हुनेछ।

(८) कसैले उपदफा (१) बमोजिम सजाय हुने कसूर उच्च शिक्षण संस्थाका कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले गरेमा निजलाई सो उपदफामा लेखिएको सजायको अतिरिक्त थप दश लाख रूपैयाँसम्म जरिवाना हुनेछ।

(९) यस दफामा लेखिए बाहेक यस ऐन विपरीत अन्य काम गर्ने व्यक्तिलाई दश लाख रूपैयाँसम्म जरिवाना हुनेछ।

७४. <u>मुद्दा हेर्ने अधिकारः</u> (१) दफा ७२ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

(२) दफा ७२ को खण्ड (ख), (झ), (ञ), (ट) र (ठ) बमोजिमको कसूरमा कारबाही र सजाय गर्ने अधिकार आयोगलाई हुनेछ।

७५. <u>नेपाल सरकार वादी हुने</u> : (१) दफा ७२ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूरसँग सम्बन्धित मुद्दा नेपाल सरकार वादी हुनेछ।

(२) दफा ७२ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूरसँग सम्बन्धित मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

७६. <u>पुनरावेदन</u> : दफा ७४ को उपदफा (२) बमोजिम आयोगले गरेको निर्णय उपर त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

नेपाल सरकार नेपाल कानून आयोग २०६३

## परिच्छेद-१५
## विविध

७७. <u>प्रदेश विश्वविद्यालयको स्थापना तथा सञ्चालन</u> : उच्च शिक्षा सम्बन्धी राष्ट्रिय नीति, यो ऐन वा यस ऐन बमोजिम मापदण्ड र उच्च शिक्षण संस्था सञ्चालन सम्बन्धमा परिषद्ले तोकेको मापदण्डको अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भए बमोजिम प्रदेश विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न सकिनेछ।

७८. <u>मानित विश्वविद्यालय</u> : (१) यस ऐनको अधीनमा रही नेपाल सरकार वा प्रदेश सरकारले मानित विश्वविद्यालय स्थापना गर्न सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "मानित विश्वविद्यालय" भन्नाले शैक्षिक तथा प्राज्ञिक अधिकार भएको सम्बन्धन दिन नपाउने विश्वविद्यालय सम्झनु पर्छ।

(२) मानित विश्वविद्यालयको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७९. <u>शिक्षक तथा विद्यार्थीको अनुपात कायम गर्नु पर्ने</u> : उच्च शिक्षण संस्थाले प्रत्येक संकायमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम शिक्षक तथा विद्यार्थीको अनुपात कायम गर्नु पर्नेछ।

८०. <u>शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) उच्च शिक्षण संस्थामा आवश्यक सङ्ख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धित उच्च शिक्षण संस्थाको विनियममा व्यवस्था भए बमोजिम हुनेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय विश्वविद्यालयमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको नियुक्ति दफा ६२ बमोजिमको सेवा आयोगको सिफारिसमा हुनेछ।

८१. <u>स्वायत्तता प्रदान गर्न सक्ने</u> : (१) उच्च शिक्षण संस्थाले परिषद्को अनुमतिले आफ्नो सङ्काय वा आङ्गिक क्याम्पसलाई प्राज्ञिक, अनुसन्धनात्मक, सङ्गठनात्मक, वित्तीय, प्रशासकीय वा व्यवस्थापकीय स्वायत्तता प्रदान गर्न सक्नेछ।

नेपाल सरकार
कानून आयोग
२०६३

(२) उपदफा (१) बमोजिम स्वायत्तता प्रदान गरिएका सङ्काय वा क्याम्पस सम्बन्धित उच्च शिक्षण संस्थाको सङ्गठनको रूपमा रहनेछ र त्यस्तो सङ्काय वा क्याम्पसले उक्त उच्च शिक्षण संस्थाको नाम र संरक्षण प्राप्त गर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वायत्तता प्राप्त सङ्काय वा क्याम्पसले उच्च शिक्षण संस्थाको स्वीकृति विना कुनै शैक्षिक उपाधि प्रदान गर्न वा आफ्नो सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न सक्नेछैन।

८२. उच्च शिक्षण संस्थामा भर्ना हुन चाहिने योग्यता : (१) उच्च शिक्षण संस्थामा भर्ना हुन चाहिने विद्यार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ।

(२) विदेशी विद्यार्थीले नेपालका उच्च शिक्षण संस्थामा अध्ययन गर्न चाहेमा त्यस्तो उच्च शिक्षण संस्थाले भर्ना छनोट गरे पछि भिसा (प्रवेश अनुमति) को लागि नेपाल सरकारको सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिसका आधारमा नेपाल सरकारले त्यस्तो विद्यार्थीलाई भिसा उपलब्ध गराउन सक्नेछ।

८३. विदेशी नागरिक वा गैरआवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने : उच्च शिक्षण संस्थालाई उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैरआवासीय नेपाली नागरिकलाई आयोगको अध्यक्ष, उपकुलपति र संरक्षक परिषद्को अध्यक्ष बाहेकको पदाधिकारी वा अध्यापक वा अनुसन्धानकर्ताको पदमा नियुक्ति वा मनोनयन गर्न सकिनेछ।

८४. वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने : (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वर्षभरिमा आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आयोगले नेपाल सरकार समक्ष, सेवा आयोगले परिषद् समक्ष र उच्च शिक्षण संस्थाले संरक्षक परिषद् समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा आयोगले पेस गर्ने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समावेश गर्नु पर्नेछ :-

(क) वर्षभरि सञ्चालन गरेको परीक्षाको सङ्ख्या,

(ख) परीक्षामा संलग्न र उत्तीर्ण उम्मेदवार,

(ग) बढुवा सम्बन्धी विवरण,

(घ) विभिन्न निकायलाई दिएको परामर्श,

(ङ) भविष्यमा गर्नुपर्ने सुधार।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ।

८५. **जाँचबुझ गर्न सक्ने** : (१) दफा ८४ बमोजिमको वार्षिक प्रतिवेदनको आधारमा उच्च शिक्षण संस्थाको काम कारबाही कानून विपरीत भएको वा उच्च शिक्षण संस्थाको प्रगति सन्तोषजनक नदेखिएको वा उच्च शिक्षण संस्थाबाट भएका गतिविधिहरू सुधार गर्नु पर्ने देखिएमा परिषद्ले निरीक्षण तथा जाँचबुझ समिति गठन गरी उच्च शिक्षण संस्थाको काम कारबाहीको निरीक्षण र जाँचबुझ गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले उच्च शिक्षण संस्थाको काम कारबाही सन्तोषजनक नदेखिएको भनी सुझाव सहितको प्रतिवेदन पेस गरेमा परिषद्ले प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न उच्च शिक्षण संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्देशन कार्यान्वयन गर्नु सम्बन्धित उच्च शिक्षण संस्थाको कर्तव्य हुनेछ।

८६. **समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) परिषद्, आयोग वा सेवा आयोगले आफूले गर्नुपर्ने कामको लागि आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठित समिति, उपसमिति वा कार्यटोलीको कार्यावधि, काम, कर्तव्य, अधिकार तथा अन्य व्यवस्था परिषद्, आयोग वा सेवा आयोगले त्यस्तो समिति, उपसमिति वा कार्यटोली गठन गर्दाका बखत तोकिदिए बमोजिम हुनेछ।

८७. **विश्वविद्यालय नामको प्रयोग** : यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विश्वविद्यालय र यस ऐन बमोजिम स्थापना भई सञ्चालनमा रहेको उच्च शिक्षण संस्था बाहेक अन्य कुनै पनि संस्थाले विश्वविद्यालय नामको प्रयोग गर्न पाउने छैन।

८८. **विश्वविद्यालयको सूची र वरियताक्रम प्रकाशन गर्नु पर्ने** : आयोगले उच्च शिक्षण संस्थाको सूची र वरियताक्रम तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ।

८९. **काम कारबाही बदर नहुने** : परिषद्, आयोग, सेवा आयोग वा उच्च शिक्षण संस्थाको कुनै सङ्गठनको कुनै सदस्यको स्थान रिक्त रहेको वा परिषद्, आयोग, सेवा आयोग वा उच्च शिक्षण संस्थाका कुनै सङ्गठनको गठनमा कुनै त्रुटि भएको कारणले मात्र परिषद्, आयोग, सेवा आयोग वा उच्च शिक्षण संस्थाका कुनै सङ्गठनबाट भए गरेका काम कारबाही बदर हुने छैन।

९०. <u>नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने</u> : आयोग तथा उच्च शिक्षण संस्थाले नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

९१. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u> : (१) परिषद्ले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को सहअध्यक्ष, उपाध्यक्ष, सदस्य, आयोग वा अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) आयोगले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आयोगको अध्यक्ष, सदस्य, सचिव वा अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) उच्च शिक्षण संस्थाले यो ऐन र यस ऐन अन्तर्गत बनेको विधान वा नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उच्च शिक्षण संस्थाका पदाधिकारी वा आफू अन्तर्गतका निकाय वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९२. <u>नेपाल सरकारसँग सम्पर्क</u> : परिषद्, आयोग र उच्च शिक्षण संस्थाले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

९३. <u>समावेशी सिद्धान्त अपनाउनु पर्ने</u> : यस ऐन बमोजिमका परिषद्, आयोग, सेवा आयोग र समितिका अध्यक्ष र सदस्यको नियुक्ति वा मनोनयन गर्दा समावेशी सिद्धान्त अपनाउनु पर्नेछ।

९४. <u>ऐन कार्यानन्वयन मापन</u> : यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

९५. <u>नियम बनाउन सक्ने</u> : नेपाल सरकार, मन्त्रिपरिषद्ले यो ऐन कार्यान्वयन गर्नको लागि आवश्यक नियम बनाउन सक्नेछ।

९६. <u>विनियम बनाउन सक्ने</u> : उच्च शिक्षण संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र उच्च शिक्षण संस्थाको विधानको अधीनमा रही आवश्यक विनियम बनाउन सक्नेछ।

९७. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u> : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

नेपाल सरकार नेपाल कानून आयोग २०६३

९८. <u>अनुसूची हेरफेर</u> : नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूची हेरफेर गर्न सक्नेछ।

९९. <u>खारेजी र बचाउ</u> : (१) विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० खारेज गरिएको छ।

(२) देहायका ऐनको देहाय बमोजिमका दफा खारेज गरिएका छन् :-

(क) नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा ९क.,

(ख) त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५,

(ग) लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा २६ को उपदफा (२),

(घ) सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २१,

(ङ) मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २१,

(च) कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा २१,

(छ) राजर्षिजनक विश्वविद्यालय ऐन, २०७४ को दफा २१।

(३) उपदफा (१) र (२) बमोजिम खारेज भएका ऐन र दफाबमोजिम गठित सेवा आयोग र पदपूर्ति समितिबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछन्।

(४) उपदफा (१) र (२) बमोजिम खारेज भएका ऐन र दफा अन्तर्गत नियुक्त वा मनोनयन भएका पदाधिकारी र कर्मचारी यसै ऐन बमोजिम नियुक्त वा मनोनयन भएको मानी सोही ऐन र दफा बमोजिमको पदावधिसम्म बहाल रहनेछन्।

नेपाल कानून आयोग

अनुसूची

(दफा ३ सँग सम्बन्धित)

उच्च शिक्षण संस्था स्थापना सम्बन्धी मापदण्ड

क. भौतिक पूर्वाधार

| क्र.सं. | विवरण | उच्च शिक्षण संस्था | मानित विश्वविद्यालय |
|---|---|---|---|
| १. | जग्गा/ जमिन | (क) काठमाडौं उपत्यकाभित्र कम्तीमा दुई सय रोपनी जग्गा,<br>(ख) पहाडी तथा हिमाली जिल्लामा भए कम्तीमा पाँच सय रोपनी जग्गा,<br>(ग) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पचास विगाहा जग्गा,<br>(घ) उल्लिखित जमिन बढीमा तीन स्थानसम्म करीब बीस किलोमिटरको दुरीभित्र व्यवस्थापन गर्न सकिने। | (क) काठमाडौं उपत्यकाभित्रका उच्च शिक्षण संस्थाका लागि कम्तीमा असी रोपनी जग्गा,<br>(ख) पहाडी तथा हिमाली जिल्लामा भए कम्तीमा दुई सय पचास रोपनी जग्गा,<br>(ग) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पच्चीस बिगाहा जग्गा,<br>(घ) उल्लिखित जमिन बढीमा दुई स्थानसम्म करिब दश किलोमिटरको दुरीमा व्यवस्थापन गर्न सकिने। |
| २. | भवन | (क) कम्तीमा शैक्षिक, प्रशासकीय र पुस्तकालयको अलग अलग तीनवटा भवन,<br>(ख) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पचास हजार वर्ग फिट क्षेत्रफल भएको वा हरेक कक्षामा कम्तीमा पचास जनासम्म विद्यार्थी | (क) कम्तीमा शैक्षिक, प्रशासकीय र पुस्तकालयको अलग अलग तीनवटा भवन,<br>(ख) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पच्चीस हजार वर्ग फिट क्षेत्रफल भएको वा हरेक कक्षामा कम्तीमा पचास |

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३



| | | | |
|---|---|---|---|
| | | अटाउने गरी विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षा कोठाको व्यवस्था। | जनासम्म विद्यार्थी अटाउने गरी विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षा कोठाको व्यवस्था। |
| ३. | छात्राबास | कम्तीमा एक तिहाई विद्यार्थीलाई छात्रावासको व्यवस्था भएको हुनु पर्ने छ। महिला र पुरूषको लागि छुट्टाछुट्टै सुविधा सम्पन्न छात्रावासको सुविधा भएको हुनु पर्नेछ। यसको साथसाथै केन्द्रीय विश्वविद्यालयमा अन्तर्राष्ट्रिय विद्यार्थीको लागि अन्तर्राष्ट्रिय स्तरको एक छात्रवास हुनु पर्ने।<br>तर आवाशीय विश्वविद्यालयको हकमा सबै विद्यार्थीको लागि छात्रवासको व्यवस्था हुनु पर्ने। | कूल विद्यार्थी क्षमताको कम्तीमा एक तिहाई विद्यार्थी अटाउने गरी महिला र पुरूषका लागि छुट्टाछुट्टै सुविधा सम्पन्न छात्रावासको व्यवस्था भएको। |
| ४. | अन्य भौतिक पूर्वाधार | (क) पठनपाठन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका लागि विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरू सहितको भौतिक व्यवस्थापन भएको,<br>(ख) महिला र पुरूषका लागि अलग अलग र पर्याप्त सङ्ख्यामा अपाङ्गमैत्री शौचालय भएको,<br>(ग) बिद्यार्थी सङ्ख्याको अनुपातमा स्तरीय चमेनागृह भएको, | (क) पठनपाठन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका लागि विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरू सहितको भौतिक व्यवस्थापन भएको,<br>(ख) महिला र पुरूषका लागि अलग अलग र पर्याप्त सङ्ख्यामा अपाङ्गमैत्री शौचालय भएको,<br>(ग) विद्यार्थी सङ्ख्याको अनुपातमा स्तरीय चमेनागृह |

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३

| | | | |
|---|---|---|---|
| | | (घ) स्वास्थ्य केन्द्र, पिउने पानी, ईन्टरनेट, खेल मैदान, बगैंचा आदिको व्यवस्था भएको। | भएको,<br>(घ) स्वास्थ्य केन्द्र, पिउने पानी, इन्टरनेट खेल मैदान बगैचा आदिको व्यवस्था भएको। |

ख. शैक्षिक कार्यक्रम

| क्र.सं. | विवरण | उच्च शिक्षण संस्था | मानित विश्वविद्यालय |
|---|---|---|---|
| १. | शैक्षिक क्यालेन्डर | | |
| २. | पाठ्यक्रम | | |

ग. जनशक्ति

| क्र.सं. | विवरण | उच्च शिक्षण संस्था | मानित विश्वविद्यालय |
|---|---|---|---|
| १. | शिक्षक | | |
| २. | कर्मचारी | | |
| ३. | अनुसन्धानकर्ता | | |
| ४. | विद्यार्थी | | |
| ५. | अन्य | | |

घ. आर्थिक पूर्वाधार

| क्र.सं. | विवरण | उच्च शिक्षण संस्था | मानित विश्वविद्यालय |
|---|---|---|---|

नेपाल कानून आयोग

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३



| | | | |
|---|---|---|---|
| १. | कोषको स्रोत | | |
| २. | अन्य | | |

नेपाल कानून आयोग